**मिति २०८३।०२।२० गते बसेको गैंडाकोट नगरपालिकाको आ.व.२०८२/०८३ को १५ औं नगर कार्यपालिका बैठकको निर्णयहरुः**

**निर्णय नं. १** आगामी १९ औं नगर सभाको अधिवेशनको देहीय बमोजिमको कार्यसूचि अनुसार प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

तपशिलः

| क्र.सं. | कार्यक्रमको विवरण | मिति | कैफियत |
|---|---|---|---|
| १ | वडा भेला (योजना तथा कार्यक्रमको प्राथमिकता सहितको सिफारिस) | २०८३ जेष्ठ २३ देखि २७ गतेसम्म | |
| २ | बिषयगत समिति बैठक (समग्र बिषयगत शाखा समेतबाट सिफारिस) | २०८३ जेष्ठ २८ देखि असार १ गते सम्म | |
| ३ | बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक | २०८३ असार २ देखि ३ गते सम्म | |
| ४ | नगर कार्यपालिका बैठक | २०८३असार २ देखि ३ गते सम्म | |
| ५ | नगर सभा अधिवेशन | २०८३असार ५ गते विहान ११ बजे | नगर सभा हल |

**निर्णय नं.२** गैंडाकोट नगरपालिका वडा नं. ७ मुरलीटार क्षेत्रमा रहेको नदीजन्य पदार्थ जे जस्तो छ सोहि अबस्थामा बिक्रि गर्ने गरी ई-बोलपत्र (ठेक्का नं.- 02/IR/NCB/GM/082/83) बन्दोबस्त गर्न मिति २०८२/१०/२९ मा प्रकाशित सूचना बमोजिम रित पुर्वक पर्न आएका बोलपत्रहरु मध्येबाट सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ उप दफा (२) को प्रयोजनार्थ सारभूत रुपमा प्रभावग्राही दोस्रो वित्तीय उपक्रममा रहेको श्री प्राशिका कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि,टोखा-१०, काठमाडौँको फर्म मिति २०८३/०१/११ गतेको कार्यपालिका बैठकको निर्णय अनुसार छनौट भएकोले गैंडाकोट नगरपालिकाको सार्बजनिक खरिद नियमावली २०७७ को नियम १४० बमोजिम ७ दिन भित्र सम्झौता उल्लेखित कागजात सहित तोकिएको समयभित्र सम्झौताको लागि उपस्थित हुन पत्राचार भएकोमा उक्त फर्मले मिति २०८३/०१/२५ गते यस कार्यालयमा दर्ता गरेको प्रतिबद्ता सहितको निवेदन अनुसार कार्यालयले पुनःथप ७ दिनको ताकेता सहितको पत्राचार गरिएको, तोकिएको समयभित्र पनि सम्झौता गर्न नआई कार्यालयले गरेका ताकेताहरुको अबज्ञा गरी राजश्व संकलन जस्तो संबेदनशील बिषयमा हेलचक्राई गरी म्याद गुजारेकोले कार्यालयको खातामा उक्त फर्मले रु.१५ लाख नगद जम्मा गरेको, बोलपत्र जमानत वापतको अपुग रकम रु.५ लाख गरी बोलपत्र जमानत बराबरको रकम रु.२० लाख नगरपालिकाको खातामा जम्मा गरेको खण्डमा मात्र उक्त फर्मको बोलपत्र जमानत फुकुवा गर्ने, सोप्रक्रिया पुरा नगरेको खण्डमा गैंडाकोट नगरपालिकाको सार्बजनिक खरिद नियमावली २०७७ तथा प्रचलित कानुन बमोजिम उक्त फर्म संग आवश्यक रकम असुल गर्न, धरौटी जफत गर्ने, कालोसूचीमा राख्न सार्बजनिक खरिद अनुगमन कार्यालयमा लेखि पठाउने साथै सरकारी बाँकी सरह कायम गराउन कुमारीचोक तथा केन्द्रीय तहसील कार्यालयमा लेखि पठाउन गैंडाकोट नगरपालिका, नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं.३** गैंडाकोट नगरपालिकामा आ.व. २०८२/०८३ को लागि द स्टोरी किचेनले Coady Institute सँगको सहकार्यमा बहुद्देशीय परियोजना "समान आवाज" कार्यक्रम सञ्चालन गरिरहेकोले उक्त परियोजना अन्तर्गत Coady Institute क्यानडाले समुदाय तहमा सिमान्तकृत समुदायहरुको सहभागिता, नेतृत्व तथा आवाजलाई सशक्त बनाउने उद्देश्यले "Feminist Advocacy for Equal Voice" विषयक ५ दिने अन्तर्राष्ट्रिय कार्यशाला यहि मिति २०८३ असार ८ गतेदेखि १२ गतेसम्म (२०२६ जुन २२ देखि २६ सम्म) CCDB (Christian Commission for Development in Bangladesh) Climate Centre, Gazipur- Bangladesh मा हुने भएकोले उक्त कार्यशालामा सहभागी हुनको लागि गैंडाकोट नगरपालिकाको तर्फबाट नगर उपप्रमुख श्री शान्ति कोइरालालाई अनुमति प्रदान गर्ने निर्णय गरियो।

रामचन्द्र लामगादे
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

**निर्णय नं. ४** स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिबाट सिफारिस भई आए बमोजिम आर्थिक वर्ष २०८३/०८४ मा गैंडाकोट नगरपालिकाद्धारा संचालन हुने विभिन्न कार्यक्रमहरुका लागि संघ/प्रदेश सरकारबाट प्राप्त हुने बजेटहरुको सिमा र मिति २०८३/०२/१९ गतेको राजश्व परामर्श समिति बैठकबाट गरिएको नगरको आन्तरिक श्रोतको सिफारिसका आधारमा नगरपालिकालाई प्राप्त हुन सक्ने रकमको प्रारम्भिक श्रोत अनुमान र व्यय अनुमान देहाय बमोजिम गर्ने निर्णय गरियो ।

| सि.नं. | श्रोत | आगामी आ. ब. ०८३/०८४ को आय अनुमान (रु.हजारमा) |
|---|---|---|
| १ | आन्तरिक राजश्व | २६०५५० |
| २ | नेपाल सरकारबाट प्राप्त समानीकरण अनुदान | १६६१०० |
| ३ | नेपाल सरकारबाट प्राप्त राजश्व बांडफांड | १५३८१४ |
| ४ | नेपाल सरकारबाट प्राप्त विशेष अनुदान | ६६०० |
| ५ | नेपाल सरकारबाट प्राप्त समपुरक अनुदान | ४५०० |
| ६ | नेपाल सरकारबाट प्राप्त शसर्त अनुदान | ३८०७०० |
| ७ | गण्डकी प्रदेशबाट प्राप्त समानीकरण अनुदान | २२२७८ |
| ८ | गण्डकी प्रदेशबाट प्राप्त राजश्व बांडफांड | १७६१७ |
| ९ | गण्डकी प्रदेशबाट प्राप्त शसर्त अनुदान | |
| १० | गण्डकी प्रदेशबाट प्राप्त विशेष अनुदान | |
| ११ | गण्डकी प्रदेशबाट प्राप्त समपुरक अनुदान | |
| १२ | बैंक मौज्दात तथा अन्य आय (क्रमागत योजना/अल्या) | २५००० |
| | **जम्मा** | १०३८११९ |

आर्थिक वर्ष २०८३/०८४ को लागि बजेट बांडफांड

| सि.नं. | विवरण | आगामी आ.व. ०८३/०८४ (रु. हजारमा ) |
|---|---|---|
| १ | कार्यालय प्रशासनिक खर्च | २२४२५४ |
| २ | आर्थिक विकास समिति | १४७०० |
| | कृषि | ८००० |
| | पशुपंक्षि | ४५०० |
| | सहकारी | १२०० |
| | मेड्पा साझेदारी( रोजगारमुलक तालिम स्तरोन्नति समेत ) | १००० |
| ३ | सामाजिक विकास समिति | ११२८०० |
| | खेलकुद | ३००० |
| | लक्षित वर्ग | ८००० |
| | धार्मिक तथा सांस्कृतिक जगेर्ना कार्यक्रम | १००० |
| | शिक्षा | ५०००० |
| | स्वास्थ्य | ४२५०० |

रामचन्द्र लामगाडे
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

| | | | |
|---|---|---|---|
| | आयुर्वेद | | २५०० |
| | खानेपानी बोर्ड | | ३०० |
| | सामी | | १००० |
| | बहुक्षेत्रिय पोषण कार्यक्रम | | १५०० |
| | सुत्केरी आमा पोषिलो खाना कार्यक्रम समेत ( प्रति व्यक्ति रु ५००० का दरले वितरण) | | १००० |
| | प्रज्ञा प्रतिष्ठान | | २००० |
| ४ | पूर्वाधार विकास समिति | ५००६५ | |
| ५ | वातावरण तथा विपद् व्यवस्थापन समिति | ५००० | |
| ६ | संस्थागत विकास तथा सेवा प्रवाह समिति | ४००० | |
| | न्यायिक समिति | | २७०० |
| | उपभोक्ता हित संरक्षण | | ५०० |
| | संस्थागत विकास | | ८०० |
| ७ | वडागत विभाजन | १२९००० | |
| | वडा नं. ३,१४ र १८ को लागि रु. ८० लाख प्रति वडा | | २४००० |
| | १,२,४,५,६,७,८,९,१०,११,१२,१३, १५, १६ र १७ को लागि रु. ७० लाख प्रति वडा | | १०५००० |
| ८ | समपुरक अनुदान - संघ (धारापानी मार्ग ) | ४५०० | |
| ९ | नगरपालिका समपुरक साझेदारी - संघ | १०००० | |
| १० | समपुरक अनुदान - प्रदेश | | |
| ११ | नगरपालिका समपुरक साझेदारी - प्रदेश | ५००० | |
| १२ | ससर्त अनुदान संघ | ३८०७०० | |
| १३ | ससर्त अनुदान प्रदेश | | |
| १४ | बिशेष अनुदान संघ ( जयश्री खोला तटबन्धन ) | ६६०० | |
| १५ | बिशेष अनुदान प्रदेश | | |
| १६ | नगरपालिका बाट साझेदारी (सडक बोर्ड) | ४००० | |
| १७ | विपद कोष | ५००० | |
| १८ | अन्य सार्वजनिक निर्माण | ७००० | |
| १९ | भौतिक संरचना मर्मत संहार नगरपालिका भवन तथा अन्य ) पूर्वाधार ) | १०००० | |
| | | | |
| २० | मेसिनरी औजार, ( AC, कम्प्युटर, ल्यापटप, प्रिन्टर लगायत अन्य ) | ३५०० | |
| २१ | सोलारजेनेरेटर/ व्यवस्थापन | १५०० | |
| | | | |

रामचन्द्र लामगादे
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

CamScanner

| | | |
|---|---|---|
| २२ | फर्निचर फिक्चर्स | ४००० |
| २३ | आकस्मिक तथा अन्य भैपरी आउने पुँजीगत | ५००० |
| २४ | सरसफाई संयन्त्र संचालन खर्च | ७००० |
| २५ | अन्य संस्था सहायता | ५००० |
| २६ | दमकल संचालन तथा व्यवस्थापन | ३००० |
| २७ | पुँजीगत अनुसन्धान | ३००० |
| २८ | भूमिहीन दलित सुकिम्बासी सेवा केन्द्र संचालन खर्च | ३००० |
| २९ | आय फिर्ता | ३००० |
| ३० | अन्य सामाजिक सहायता (विपद् राहत तथा उद्दार कार्यविधि, २०७९) | २५०० |
| ३१ | गत वर्षका क्रमागत योजनाहरु ( ) | २५००० |
| | जम्मा कार्यक्रम खर्च | १०३८११९ |

साथै माथि उल्लेखित वडा समिति एवं बिषयगत समितिलाई प्रदान गरेको बजेट सिमा तथा सिलिङ्ग तोकिए बमोजिम नै परिपत्र गरी जानकारी गराउन कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं.५** आर्थिक बर्षको अन्त्यमा भुक्तानी गर्ने System SUTRA प्रणाली बढी चापका कारण चल्न नसकी भुक्तानीमा समस्या हुने हुँदा चालु आर्थिक बर्ष २०८२/०८३ मा बजेट बिनियोजन भै कार्यसम्पन्न भएका बिभिन्न योजना र कार्यक्रमहरुको भुक्तानीको लागी यहि मिति २०८३ असार १२ गते भित्र सम्पूर्ण प्रकृया पुरा गरी आर्थिक प्रशासन शाखामा पेश गर्नको लागि सवै वडा कार्यालय, बिभिन्न शाखा तथा सरोकार निकायलाई निर्देशन दिने साथै तोकिएको समय भित्र भुक्तानीको लागि पेश हुन नआई भुक्तानी हुन नसकेमा कार्यालय जिम्मेवार नहुने सहितको सार्वजनिक सूचना जारी गर्न कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं.६** गैंडाकोट नगरपालिका वडा नं. ३ केलादी घाटको नदीजन्य पदार्थ उत्खनन तथा बिक्री वितरण सम्बन्धी ठेक्का सम्झौता प्रक्रियामा सारभुत रुपमा प्रभावग्राही उच्चतम मूल्याङ्कित फर्म श्री शिव निर्माण सेवा ब्यास- ११, तनहुँको तर्फबाट निरन्तर भएको बर्षाका कारण बाटो बिग्रिन गई उक्त क्षेत्रबाट नदीजन्य पदार्थ उत्खनन तथा दुवानी गर्न नसकिने अवस्था रहेको भनी निवेदन पेश गरेकोमा मिति २०८३।०२।१२ गते बसेको गैंडाकोट नगरपालिकाको आ.व.२०८२/०८३ को १४ औं नगर कार्यपालिका बैठकको निर्णय बमोजिम निर्देशक समिति सहित स्थलगत निरीक्षण गरी उक्त बाटोको अवस्थाबारे प्राविधिक प्रतिवेदन पेश गर्न लगाईएकोमा प्राप्त प्रतिवेदनको आधारमा उक्त सडकमा सामाग्री बोकेको भारी सवारीसाधन आवतजावत गर्न नसक्ने देखिएकोले उक्त फर्मले जम्मा गरेको रकम बराबरको नदीजन्य पदार्थ आगामी आ.व. २०८३।०८४ मा प्रदेश सरकारले तोकेको दररेटले हिसाव गर्दा हुन आउने परिमाण सोही केलादीघाटको सोही क्षेत्रबाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.७** गैंडाकोट नगरपालिकाका देहायका वडाहरुमा भएको कार्यको लागि अन्य संस्था सहायता र आकस्मिक तथा अन्य भैपरी आउने पूँजीगत शिर्षकमा विनियोजन भएको रकमबाट खर्च लेख्ने गरी भुक्तानी गर्ने निर्णय गरियो ।

- हरिॐ सत्सङ मार्ग बाटो ढलान गैंडाकोट- ९ को लागि रु. १० लाख
- गैंडाकोट- १८ हुर्चिल लिफटिंग खानेपानी तथा सरसफाई योजनाको लागि रु. ७ लाख ५० हजार
- वडा नं.६ को वडा कार्यालय परिसर व्यवस्थापन तथा ढुंगेधारा निर्माणको लागि रु.१० लाख

**निर्णय नं.८** गैंडाकोट नगरको भित्र उपलब्ध रहेको प्रकृति, संस्कृति, शिक्षा , साहित्य, सङ्गित, पर्यावरण तथा सामाजिक विकास लगायतको विषयलाई मौलिक रुपमा समेटी संक्षिप्त नगरगान निर्माणको लागि निवेदन पेशकर्ता सङ्गितकार श्री विशाल ढकाललाई विगत बर्षमा नगरपालिकाको पहलमा निर्माण भएको पहिचान झल्किने नगरगानसंग नबाँझिने एवं उक्त समय भन्दा छोटो हुने गरी निर्माण गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो ।

रामचन्द्र लामगादे
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

CamScanner

**निर्णय नं. ९** गैंडाकोट नगरपालिका वडाहरु / समितिबाट विभिन्न मितिको निर्णयानुसार सिफारिस भई आए अनुसार देहाय बमोजिमका शिर्षकहरुमा योजनाहरुको शिर्षाकान्तर/ रकमान्तर गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

| वडा नं. | साविकको योजना | रकम | परिवर्तित योजना शिर्षक | रकमान्तर योजना रकम |
|---|---|---|---|---|
| पू.वि.स. | न्यायिक निकायबाट भएको फैसला कार्यान्वयन गर्न वडा नं. १ (तटबन्धन एवं अन्य सार्वजनिक संरचना निर्माण) लगायत सार्वजनिक जग्गा संरक्षण क्र.सं.१८७ | रु.२०,००,०००/- | गैंडाकोट वडा नं. १ आधारभुत स्वास्थ्य केन्द्र देखि उत्तर चुहार खोल्सी जग्गा संरक्षण | रु.१०,००,०००/- |
| १५ | महालक्ष्मी महिला बचत तथा ऋण सहकारी संस्था तालिम अन्य क्र.सं. ६३८ | रु.१,००,०००/- | साविक वेल्डिया ४ को कुलो निर्माण क्र.सं. ६५० मा थप | रु.१,००,०००/- |
| ९ | लक्षित वर्ग क्र.सं. ४८८ | रु.६,००,०००/- | सूर्यदिप साकोस पछाडी खोला तटबन्धन | रु.२,००,०००/- |
| ९ | अन्तरपालिका शिप आदान प्रदान/ काउलिफ्ट/ बिद्युत तारपोल विस्तार क्र.सं.४९० | रु.४,००,०००/- | विभिन्न टोलमा ग्रावेल | रु.१,५०,०००/- |
| | | | चन्द्रज्योति मार्गमा मोज्याक टायल लगाउने | रु.२,५०,०००/- |
| ९ | एक घर एक विरुवा/ टोल विकास संस्था क्र.सं.४९१ | रु.३,५०,०००/- | | |
| ७ | हरिहर मन्दिरबाट उत्तर उत्तरतर्फ परिवर्तन सुधारकेन्द्र सम्मको बाटो मर्मत क्र.सं. ४३५ | रु.१०,००,०००/- | छविलाल भुसालको घरदेखि उत्तरतर्फको बाटो | रु.४,००,०००/- |
| | | | ओमशान्ति कालिका मार्ग बाटो ढलान | रु.६,००,०००/- |
| पू.वि.स. | कोसेलीघर तथा रिफ्रेशमेन्ट सेन्टर क्र.सं.१९६ | रु.१०,००,०००/- | प्रशासकीय भवनको लागि सोलार प्यानल जटान | रु.१०,००,०००/- |
| ११ | पशुपालन व्यवसाय प्रवर्द्धन तथा कोल्डस्टोर व्यवस्थापन कार्यक्रम क्र.सं.५१६ | रु.५,००,०००/- | थरटाँडी टोल विकास अन्तर्गत मुखियाको घरदेखि दक्षिण ओरालोमा ढलान | रु.४,५०,०००/- |
| | विद्युततार पोल व्यवस्थापन क्र.सं. ५३५ | रु.२,५०,०००/- | | |
| १२ | खुल्ला व्यामशाला निर्माण क्र.सं.५५४ | रु.३,००,०००/- | मिलिजुली मार्ग मोज्याक टायल | रु.३,००,०००/- |
| १ | वन वातावरण तथा विपद् व्यवस्थापन समितिबाट विनियोजन भएको खेलमैदान संरक्षण | रु.३,५०,०००/- | बुद्ध मार्ग ढलान | रु.५,५०,०००/- |
| | शिक्षा मार्ग स्तरोउन्नती प्रगति टोल क्र.सं. ३०८ | रु.२,००,०००/- | | |
| पू.वि.स. | पानी पुनर्भरण योजना तथा सिमसार व्यवस्थापन क्र.सं.१८८ | रु.३०,००,०००/- | ढवाह ताल वडा नं. ८ | रु.१०,००,०००/- |
| | | | नगर भित्रका विभिन्न कच्ची बाटोहरुमा ग्रावेल गर्ने | रु.१०,००,०००/- |
| | | | थरटाँडि टोल अन्तर्गतको बाटोमा मोज्याक टायल लगाउने (वडा नं. ११) | रु.१०,००,०००/- |

रामचन्द्र लामगादे
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

CamScanner

**निर्णय नं.१०** गैंडाकोट नगरपालिका अन्तर्गतको नगर विपद् व्यवस्थापन समितिको मिति २०८३।०२।०६ गते बैठकबाट निर्णय भई पेश भएको एवं मिति २०८३।०२।११ गते यस नगरपालिका अन्तर्गत वन,वातावरण तथा विपद् व्यवस्थापन समितिबाट निर्णय भई पेश भएका देहाय बमोजिमका शिर्षकमा विनियोजन भएका योजनाहरुलाई सम्बन्धित वडाको राय समेतको आधारमा संशोधन सहित अनुमोदन/कार्यान्वयनका लागि निर्देशन दिने निर्णय गरियो ।

| वडा नं. | साविकको योजना | रकम | संशोधित योजना शिर्षक | संशोधित योजना रकम |
|---|---|---|---|---|
| २ | गैंडाकोट नगरपालिका वडा नं को २ . कार्यालय भवनको जोखिम व्यवस्थापन तथा नदी च्यानलाईज गरी परिसरमा ग्रावेल गर्ने (वन,वातावरण तथा विपद् व्यवस्थापन समिति) | रु.२२,००,०००/- | वडा कार्यालय परिसर ग्रावेल गर्ने | रु.१०,००,०००/- |
| | | | नारायणी नदी च्यानलाईज | रु.१०,००,०००/- |
| | | | नगर भित्रका कच्ची सडकमा माग बमोजिम ग्रावेल गर्ने | रु.२,००,०००/- |

**निर्णय नं.११** मिति २०८०।१२।२९ गते बसेको गैंडाकोट नगरपालिकाको आ.व.२०८०/०८१ को १४ औं नगर कार्यपालिका बैठकको निर्णय नं. १ मा परिक्षा शुल्क एक बर्षमा एक महिनाको मासिक शुल्क बराबर परिक्षा शुल्क लिन पाउने निर्णय भएकोमा उक्त निर्णयलाई संशोधन गरी एक बर्षमा एक महिनाको मासिक शुल्कको पचास प्रतिशत मात्र लिने गरी कार्यान्वयन गर्न नगर भित्रका संस्थागत विद्यालयहरुलाई निर्देशन दिने निणर्य गरियो।

**निर्णय नं. १२** गैंडाकोट नगरपालिका वडा नं. १६ को वडा कार्यालय भवन निर्माण कार्य आर्थिक मामिला मन्त्रालय गण्डकी प्रदेशसँग लागत साझेदारी सम्बन्धी मापदण्ड, २०८१ बमोजिम कार्य गर्ने गरी सम्झौता भई निर्माण कार्य समेत सम्पन्न भईसकेको हुनाले अन्तिम बिल भुक्तानीका लागि आर्थिक मामिला मन्त्रालय गण्डकी प्रदेश सँग बाँकी रकम माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३** गैंडाकोट नगरपालिका अन्तर्गतका देहायका योजनाहरुलाई आ.व. २०८३/०८४ मा क्रमागत योजना कायम गरी निरन्तरता दिने गरी ठेक्का प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

१. गैंडाकोट वडा नं. ८, को गौरीश्वर हरिहर मार्गको स्तरोन्नती (पिचिङ/कालोपत्रे) रु. ३२,६१,३२५.१८
२. गैंडाकोट वडा नं. १ र ६, को विभिन्न सडकहरूको स्तरोन्नति (पिचिङ/कालोपत्रे)रु. १,०९,९७,०२७.१२
३. गैंडाकोट वडा नं. ९, को श्री नारायणी सामुदायिक वन पानी फोहोरा (Fountain) निर्माण रु. ३५,९०,७८१.६०
४. गैंडाकोट वडा नं. ४, ५ र ८, नवलपुरमा विभिन्न सडकहरूको स्तरोन्नति (पिचिङ/कालोपत्रे)रु. १,२०,३८,६४६.२३

रामचन्द्र लामगादे
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख